## तालिम,गोष्ठि तथा बैठकमा दिईने पारिश्रमिक र भत्ता सम्वन्धि कार्यविधि २०८०

नेपालको संविधानको धारा २१८,स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ एंव छेडागाड नगरपालिकाको प्रशासकिय कार्यविधी नियमन गर्ने ऐन २०७४ को दफा ३ को अधिकार प्रयोग गरी छेडागाड नगरपालिकामा आयोजना हुने तालिम, गोष्ठी, बैठक तथा अन्य विषयमा सहभागी, पदाधिकारी, कर्मचारी र अन्य विज्ञहरुलाई दिईने पारिश्रमिक मा एकरुपता ल्याई थप व्यवस्थित बनाउन बान्छनिय भएकोले छेडागाड नगरपालिकाको मिति २०८०।१०।२५ गते बसेको नगरसभाबाट तालिम,गोष्ठि तथा बैठकमा दिईने पारिश्रमिक र भत्ता सम्वन्धि कार्यविधि २०८० पारित गरि लागु गरिएको छ ।

### <u>खण्ड १</u>

**१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

क) "पदाधिकारी" भन्नाले नगर प्रमुख, उपप्रमुख,कार्यपालिका सदस्य, वडा अध्यक्ष र सदस्य समेतलाई जनाउने छ ।

ख) "कर्मचारी" भन्नाले नगरकार्यपालिका, वडा कार्यालय र विषयगत कार्यालयमा स्थायी,अस्थायी, करार, ज्यालादारी कर्मचारी सम्झनु पर्छ । सो शब्दले प्रमुख प्रशासकिय अधिकृत समेतलाई बुझाउछ ।

ग) "विज्ञ" भन्नाले कुनै विषय क्षेत्रमा जानकार व्यक्ति सम्झनु पर्नेछ ।

घ) "नगरपालिका" भन्नाले छेडागाड नगरपालिकालाई सम्झनु पर्नेछ ।

**२. कार्यपालिका, सभा र समितिको बैठक भत्ता सम्वन्धि व्यवस्था**

क) नगर सभामा सहभागी हुने सभाका सदस्यहरुलाई नगर सभा चलेको प्रत्येक दिनको देहायबमोजिमको बैठक भत्ता र अन्य सुविधा उपलव्ध गराईने छ ।

| पदाधिकारी | बैठक भत्ता दैनिक | आतेजाते खर्च (न. पा बाट सवारी साधन नलिनेलाई मात्र) | विहान बेलुका खाना खर्च | कैफियत |
|---|---|---|---|---|
| नगरसभाका सदस्यहरु | १५०० (दैनिक) | ५०० | ५०० (दैनिक) | |

ख) नगरसभामा सहभागी हुने पदाधिकारी बाहेक सभाको सचिव र सहयोगी कर्मचारीहरुलाई देहाय बमोजिम सभा संचालन अवधिभर भत्ता र खाना खर्च उपलब्ध गराईने छ ।

| क स | कर्मचारी | भत्ता | खाना खर्च |
|---|---|---|---|
| १. | सचिव प्र.प्र.अ | १५०० (दैनिक) | ५०० (दैनिक) |
| २. | सहयोगी कर्मचारीहरु | १५०० (दैनिक) | ५०० (दैनिक) |

ग) कार्यपालिकाको बैठकमा सहभागी हुने सदस्यहरुलाई देहायबमोजिम भत्ता तथा अन्य सुविधा उपलव्ध गराईने छ ।

| क स | पदाधिकारी/ कर्मचारी | बैठक भत्ता (प्रत्येक बैठकको) | आतेजाते खर्च |
|---|---|---|---|
| १. | कार्यपालिका सदस्य | १५०० | ५०० (न.पा बाट सवारी साधन नलिने पदाधिकारीहरुलाई मात्र) |
| २. | सचिव (प्र. प्र. अ) | १५०० | |
| ३. | सहयोगी कर्मचारी | वढिमा ३ जना | १५०० |

कार्यपालिकाको बैठकमा कुनै विज्ञको सहयोग लिनु पर्ने भएमा त्यस्तो विज्ञलाई सचिव सरहको बैठक भत्ता र आउदाँ जाँदाको गाडी भाडा उपलव्ध गराइने छ ।

**खण्ड २**

३. अन्य समितिका सदस्यहरुको बैठक भत्ता र अन्य सुविधा

**क) न्यायिक समितिका सदस्यहरुको भत्ता र पारिश्रमिक सम्बन्धि व्यवस्था**

अ) न्यायिक समितिको बैठकमा सहभागी भए बापत बढीमा एक महिनाको एक बैठकलाई देहायबमोजिम भत्ता र अन्य सुविधा उपलव्ध गराईने छ ।

| पदाधिकारी | बैठक भत्ता | आतेजाते (नगरपालिका बाट सवारी साधन नपाएका मात्र) |
|---|---|---|
| संयोजक र सदस्य | १५००। | ५००। |
| कानुनी सल्लाहकार | १५००। | ५००। |
| मेलमिलापकर्ता | १०००। | |
| सहयोगी कर्मचारी १ जना | १५००। | |

आ. ईजलास संचालन भएको बखत समितिको बैठकमा उपलव्ध गराए बमोजिमको भत्ता तथा अन्य सुविधा उपलव्ध गराईने छ ।

**ख) राजश्व परामर्श समिति**

अ. समितिमा सहभागी प्रत्येक सदस्यहरुलाई प्रति बैठक रु १५००।

आ. कर सम्वन्धि विज्ञ (यदि आवश्यक भएमा मात्र वढिमा २ जना) रु १५००।

इ. सहयोगी कर्मचारी (१ जनालाई मात्र) रु ५००।

**ग) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरुलाई दिइने बैठक भत्ता तथा अन्य सुविधा :**

अ. प्रति सदस्य बैठक भत्ता रु १५००।

आ. सहयोगी कर्मचारी ( आवश्यक भएमा मात्र) रु ५००

**घ. विषयगत समितिहरु**

अ. प्रति सदस्य बैठक भत्ता रु १५००।

आ. आतेजाते खर्च रु ५०० (नगरपालिकाबाट सवारी साधन नपाएका पदाधिकारीलाई मात्र)

इ. सहयोगी कर्मचारी ( आवश्यक भएमा मात्र) रु ५००

**ङ) वडा समिति**

अ. प्रति सदस्य प्रति बैठक रु १५००।

आ. वडा सचिव प्रति बैठक रु १५००।

इ) सहयोगी कर्मचारी ( आवश्यक भएमा मात्र १ जना) रु ५००

**च) नगरसभा वा कार्यपालिकाको आवश्यकताअनुसार गठन गर्ने विभिन्न समिति वा कार्य टोलीमा रहने सदस्यहरुको बैठकलाई बढीमा ३ वटा बैठकको प्रति सदस्य रु १५०० का दरले बैठक भत्ता उपलव्ध गराईने छ ।**

**छ) कुनै विषयमा स्थलगत अध्ययन,अनुसन्धान,छानविन गरी प्रतिवेदन पेश गर्न कार्यपालिकाको निर्णयद्धारागठित कार्यदल वा कार्य टोलिलाई देहायबमोजिम पारिश्रमिक वा भत्ता उपलब्ध गराईने छ ।**

| | यातायात खर्च (यातायातको साधन प्रयोग गर्नुपर्ने भएमा न. पा क्षेत्रभित्र जाँदा र आउदाको) | दैनिक भत्ता | खाना खर्च (प्रति दिन) |
|---|---|---|---|
| कार्यपालिकाकाले तोकेको | न.पा को सवारी साधन प्रयोग नगर्ने | १५०० | ५०० |

| | | | |
|---|---|---|---|
| अवधि सम्मको प्रत्येक दिनको प्रति सदस्य | भएमा मात्र रु ५०० | | |

स्पष्टिकरण: यस दफाको प्रयोजनका लागि स्थलगत रुपमा खटिने कार्यटोलीमा समितिका सदस्यहरुले स्थलगत प्रतिवेदन पेश गर्नु पर्ने छ । कार्यपालिकाले दिन तोकिदिएको भए सोही अवधिलाई दिन मानिने छ । दिन नतोकिएको अवस्थामा कामको प्रकृति हेरि बढिमा ३ दिनको हिसाबले भत्ता वा अन्य सुविधा उपलब्ध गराईने छ ।

## खण्ड ३

**४. अन्य समितिका सदस्यहरुको पारिश्रमिक र भत्ता:**

**क) कर्मचारी छनोट समिति,परिक्षा संचालन समिति र सो सँग सम्वन्धित ब्यक्तिहरु तथा कर्मचारीहरुको पारिश्रमीक र भत्ता सम्वन्धि व्यवस्था :**

अ. नगरपालिकामा कर्मचारी छनोट गर्न कार्यपालिकाद्धारा गठित छनोट समितिका सदस्यहरुलाई प्रति सदस्य प्रति बैठक रु १५०० बैठक भत्ता

आ. छनोट समितिका सदस्य बाहेक कुनै विज्ञलाई आमन्त्रित गर्नु परेमा सदस्य सरहको बैठक भत्ताको अतिरिक्त नियमअनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराईने छ । दैनिक भ्रमण भत्ता लिन नमिल्ने भएमा गाडी भाडा प्रचलित दररेट अनुसारको रकम र खाना खर्च बापत प्रतिदिन रु ५०० का दरले उपलब्ध गराईने छ ।

**ख) कर्मचारी छनोट गर्न लिखित परिक्षा संचालन गर्नुपर्दा सो कार्यमा संलग्न पदाधिकारी वा कर्मचारीहरुलाई देहायबमोजिम पारिश्रमिक वा भत्ता उपलब्ध गराईने छ ।**

अ. प्रश्नपत्र निर्माण प्रति प्रश्नपत्र विज्ञ रु १५००।

आ. प्रश्नपत्र मोडरेशन प्रति प्रश्नपत्र विज्ञ रु ४००।

इ. प्रश्नपत्र छपाईमा संलग्न कर्मचारी बढीमा २ जना रु १००० प्रतिदिन

ई. केन्द्राध्यक्ष १ जना रु १५०० (प्रति सिटिङ)

उ. सहायक केन्द्राध्यक्ष १ जना रु १२०० (प्रति सिटिङ)

ऊ. निरिक्षक रु १००० (प्रति सिटिङ)

ऋ. सहयोगी कर्मचारी रु ५०० (प्रति सिटिङ) प्रति केन्द्र एक जनालाई मात्र

ऌ. कार्यालय सहयोगी १ जना रु ४००

- ✓ उत्तर पुस्तिका कोडिङ रु २ प्रति उत्तर पुस्तिका
- ✓ उत्तर पुस्तिका डिकोडिङ रु २ प्रति उत्तर पुस्तिका
- ✓ उत्तर पुस्तिका परिक्षण रु २० प्रति उत्तर पुस्तिका

✓ प्राप्तक ईन्ट्री रु ०.५ प्रति उत्तर पुस्तिका

**ग) कर्मचारी छनोट गर्दा लिईने अन्तरवार्ताको लागि अन्तरवार्ता लिन उपस्थित सदस्य एवम विज्ञहरुलाई एक सिटिङ अन्तरवार्ता बापत छनोट समितिका सदस्य र विज्ञले पाउने सरहको भत्ता र अन्य सुविधा उपलव्ध गराइने छ ।**

**घ) कर्मचारी बैठकमा उपस्थित कर्मचारीहरुलाई बढिमा मासिक एक महिनाको बैठकको निमित्त प्रति कर्मचारी रु १५०० बैठक भत्ता उपलव्ध गराइने छ ।**

**ङ) विद्यालय स्तरको परीक्षामा नगरपालिकाले खर्च ब्यहोर्नु पर्ने भएमा देहायबमोजम भत्ता तथा पारिश्रमिक उपलव्ध गराईने छ ।**

अ. परीक्षा समितिका पदाधिकारीहरुलाई बढीमा ३ वटै बैठकको निमित्त प्रति सदस्य रु १५००

आ. प्रश्नपत्र निर्माण रु ४००। प्रति विषय प्रति सेट प्रति विज्ञ

इ. प्रश्नपत्र छपाईमा संलग्न बढीमा २ जना कर्मचारीहरुलाई प्रतिसेट प्रश्नको एकमुष्ट जनही रु ४००।

ई. प्रश्नपत्र मोडरेशन प्रतिसेट प्रति व्यक्ति रु २००।

उ. केन्द्राध्यक्ष १ जनालाई रु १५०० (प्रति केन्द्र प्रति दिन)

ऊ. निरिक्षक बढिमा ३० जना परिक्षार्थी बराबर एकजना निरिक्षक रु १००० (प्रति दिन)

ऋ. सहयोगी कर्मचारी रु ५०० (प्रति सिटिङ प्रति केन्द्र एक जनालाई मात्र )

ऌ. कार्यालय सहयोगी १ जना रु ४००

ऍ. परीक्षा अनुगमनकर्ता प्रति दिन रु १०००

ऎ. उत्तरपुस्तिका परीक्षण

- रु ५ प्रति उत्तर पुस्तिका (५१ देखि १०० पुर्णाङ्क सम्म)
- रु ४ प्रति उत्तर पुस्तिका (५० सम्म पुर्णाङ्क भएमा)

✓ उत्तर पुस्तिका कोडिङ रु १ प्रति उत्तर पुस्तिका

✓ उत्तर पुस्तिका डिकोडिङ रु १ प्रति उत्तर पुस्तिका

✓ प्राप्तअंक ईन्ट्रि रु ०.५० प्रति उत्तर पुस्तिका

**च) उपदफा (क) (ख) र (ग) मा जुनसुकै कुरा लेखिएतापनि प्रदेश लोकसेवा आयोगबाट पदपुर्ती हुने कर्मचारी छनोटमा आयोगकै व्यवस्था बमोजिम हुने छ ।**

**छ) नगर शिक्षा समिति र वडा शिक्षा समितिका सदस्यहरुले पाउने पारिश्रमिक र अन्य सुविधा:**

अ. प्रति सदस्य प्रति बैठक रु १५०० ( २ महिनामा एकपटक बसेको बैठकलाई मात्र भत्ता उपलव्ध गराईने छ ।

आ. आते जाते खर्च रु १५०० (नगरपालिका वा वडा कार्यालयबाट सवारी साधन प्राप्त नगरेका सदस्यहरुलाई मात्र)

## खण्ड ४

**५ नगरपालिकामा संचालन गरिने विभिन्न तालिम तथा गोष्ठीहरुमा आवश्यकताका आधारमा देहायबमोजिमको शिर्षकमा अधिकतम भत्ता तथा अन्य खर्च व्यहोरिने छ ।**

क. तालिम प्याकेज तयारी (आवश्यक भएमा) -रु २५००।

ख. मोड्युल छपाई - रु ५० प्रति सहभागी प्रतिदिन (आवश्यक भएमा)

ग. तालिम संचालन:

(नगरपालिका स्तरमा संचालन हुने क्षामता विकास, अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम)

अ. कार्यपत्र प्रति सेशन रु १५००।

आ. संयोजक भत्ता रु १५००।

इ. सहभागी भत्ता रु १५००।

ई. सहभागी खाजा बढिमा रु २००।

उ. सहभागी खाना रु ३५० प्रति छाक

ऊ. स्टेसनरी बढिमा रु १५० प्रति सहभागी

(वडा तथा वस्ति स्तरमा संचालन हुने सीप विकास तालिम)

अ. कार्यपत्र प्रति सेशन रु १५००।

आ. संयोजक भत्ता रु १५००।

इ. सहभागी भत्ता (उपलव्ध नहुने तर एउटा वडाको सहभागी अर्को वडामा जानुपर्ने भएमा दैनिक रु ५०० उपलव्ध गराउन सकिने।)

ई. सहभागी खाजा बढिमा रु १५०।

उ. सहभागी खाना (उपलव्ध नहुने तर एउटा वडाको सहभागी अर्को वडामा जानुपर्ने भएमा प्रति छाक रु ३५० उपलव्ध गराउन सकिने।)

ऊ. स्टेसनरी बढिमा रु १०० प्रति सहभागी

ऋ. प्रशिक्षकको पारिश्रमिक

**(एक हप्ता भन्दा कम अवधिको तालिम/कार्यक्रमको हकमा)**

राजपत्राङ्कित कर्मचारी वा विज्ञ भएमा रु २००० (प्रति शेसन)

रा. प. अनं. कर्मचारी भए रु १६०० (प्रतिशेसन)

**(लामो अवधिको अथवा एक हप्ता भन्दा बढि अवधिको सीप विकास तालिमको हकमा)**

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) बाट सिप परिक्षण गरेको भए दैनिक रु. १६०० र अन्य मान्यता प्राप्त सरकारी कार्यालयबाट भए दैनिक १४०० सम्म उपलव्ध गराउन सकिने ।

ऌ. सहभागीको आतेजाते खर्च

रु १००- ५ कि मि भित्रको सहभागीलाई

रु २००- ५ देखि १० किमि भित्रको सहभागीलाई

रु ५०० -१० कि मि र सो भन्दा बढी दुरिबाट आउने सहभागीलाई

ऍ. मसलन्द रु ५००० प्रति कार्यक्रम बढिमा

ऎ. प्रतिवेदन रु १५००

ए. तालिम उद्घाटन रु १५०० प्रति उपस्थिति

ऐ. तालिम समापन रु १५०० प्रति उपस्थिति

ऑ. व्यानर रु १०००

ऒ. लेखाको काम गर्ने कर्मचारी रु १५०० (आवश्यक भएमा)

ओ. प्राणपत्र रु १५० बढिमा (आवश्यक भएमा)

औ. हलभाडा/अन्य भाडा नगरपालिकाको दररेट ननाघ्ने गरि (आवश्यक भएमा)

अं. सहायक कर्मचारी रु १०००

स्पष्टिकरण: नगरपालिका क्षेत्रभित्र बाहेक अन्य स्थानिय तह वा जिल्लाबाट विज्ञ प्रशिक्षक आमन्त्रण गरि प्रशिक्षण दिईने गरी कार्यक्रम संचालन गर्नुपर्ने भएमा माथि ग (ऋ) मा उल्लेखित भत्ताको अतिरिक्त नियमअनुसारको दैनिक भ्रमण भत्ता र प्रचलित सवारी साधन भाडा उपलव्ध गराउन सकिने छ । नगरपालिकाको श्रोतबाट गैरसरकारी संस्थाहरुले संचालन गर्ने तालिमहरुमा समेत यो व्यवस्था लागु हुने छ । संघिय सरकार र प्रदेश सरकारबाट कार्यक्रम संचालन गर्न दफा ५ मा उल्लेखित विवरण तथा दर बाहेक अन्य दर र विवरण तोकि पठाएमा सोहि दर र विवरणमा तालिम कार्यक्रम संचालन गरिने छ । तालिम संचालन गर्दा प्रशिक्षकलाई दिईने भत्ता प्रति कक्षा बढिमा २० जना सम्म लाई मानिने छ ।

आज्ञाले

गंग बहादुर रोकाय

प्रमुख प्रशासकिय अधिकृत